गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं प्रदेश, नेपाल

वेब: www.gangadevmun.gov.np
इ-मेल: gangadevmun@gmail.com
फोन नं.: ९८२९५०९२४५

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

## गाउँ कार्यपालिकाको मिति २०७६ जेष्ठ २९ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू:

मितिः २०७६/०२/२९

१. गाउँपालिकाको आगामी आ.ब.को नीति, कार्यक्रम तथा बजेट निर्माण गर्नको लागी गाउँसभाको बर्षे अधिवेदन यहि मिति २०७६ असार १० गते बोलाउने ।

२. गाउँपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको राहत वितरण सम्बन्धि मिति २०७६ जेष्ठ २ गते सम्पन्न बैठकको निर्णयलाइ अनुमोदन गर्ने ।

३. गाउँपालिका अध्यक्षले प्रयोग गर्ने गाडि सम्झौता अनुसार भे.१ ज. ९८८ नं.को बोलेरो जिप भाडामा लिएकोमा मिति २०७५ चैत्र २२ गते अज्ञात समुहले आगजनि गरेर उक्त भाडाको गाडिमा क्षेति पुर्याएकोमा गाडिधनिले उक्त गाडि मर्मत गरि गाउँपालिकालाइ उपलव्ध गराएकोले यस अघि गरिएको भाडा सम्झौतालाइ नै निरन्तरता दिने र उक्त सम्झौता अनुसारको भाडा दर उपलव्ध गराउने । साथै साविक भाडामा लिएको गाडि मर्मत गर्दाको समयमा गाउँपालिका अध्यक्षले फरक फरक समयमा अन्य २ (दुई) वटा गाडि भाडामा लिई प्रयोग गरेकोमा ति गाडिहरूको गाडि भाडा भुक्तानि दिने ।

४. गाउँपालिकामा सुचना प्रविधि अधिकृतमा कार्यरत श्री प्रेम प्रकास वलीको तलव भत्तामा प्राप्त LGCDP अनुदान रकम अपुग भएकोमा सो अपुग रकम थप गर्ने बारे आगामी बैठकमा छलफल गरि टुंग्याउने ।

५. गाउँपालिकामा अपांगता परिचयपत्र वितरणको लागी अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम देहाय बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने ।

तपशिलः

१. रिता घर्ति (गाउँपालिका उपाध्यक्ष) .................................. संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत. ..........................................सदस्य
३. चमेली घर्ति (गाउँ कार्यपालिका महिला सदस्य)....................सदस्य
४. शेर बहादुर डाँगी (स्रोत व्यक्ति)........................................सदस्य
५. स्वास्थ्य शाखा प्रमुख .............................................. सदस्य
६. जिनावाङ प्रहरी चौकि इन्चार्ज........................................सदस्य
७. शेर बहादुर वली (गाउँपालिका स्तरिय अपांगता भएका व्यक्तिहरूको प्रतिनिधि).........सदस्य
८. महिला विकास शाखा प्रमुख...........................................सदस्य सचिव

६. प्रधानमन्त्रि रोजगार कार्यक्रम कार्यान्वयनको लागी न्युनतम रोजगार कार्यक्रमको लागी प्राप्त बजेटलाइ ७ वटै वडामा प्रधानमन्त्रि रोजगार स्थानिय निर्देशक समितिले निर्धारण गरेबमोजिमका आयोजना सञ्चालन गर्नको लागी आवश्यक तयारी पुरागर्न सो समितिलाइ निर्देशन दिने र यस गाउँपालिकामा उक्त कार्यक्रमको उत्घाटन मिति २०७६ असार ५ गते गर्ने ।

७. अध्यक्ष गरिबि निवारण कोष सञ्चालन कार्यविधि पारित सम्बन्धमा अर्को बैठकबाट टुंग्याउने ।

८. जिल्ला खेलकुद विकास समिति रोल्पालाइ आर्थिक सहयोग दिने सम्बन्धमा अर्को बैठकबाट टुंग्याउने ।

९. विविध सम्बन्धमा,

क) गाउँपालिकाकाले खटाएको कर संकलकको पारीश्रमिक सम्बन्धमा अर्को बैठकबाट टुंग्याउने ।

२०७६/२/२९

सजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत